आज मिति २०७७ जेठ १५ गतेका दिन यस लमही नगरपालिकाका नगर प्रमुख श्री कुलबहादुर के.सी. ज्यूको अध्यक्षता तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निणर्यहरु गरियो ।

---

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री नुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री टोपेन्द्र बहादुर के.सी. | सदस्य सचिव | |

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नं. प्रदेश, नेपाल

Scanned with CamScanner

## मिति २०७७०२।१५ गते बसेको नगरकार्यपालिका बैठकको निर्णयहरु :

निर्णय नं. १ : नगरपालिका क्षेत्र भित्र थप क्वारेन्टिन संचालन सम्वन्धमा देहाय बमोजिम गर्ने ।

क) कोभिड १९ को संक्रमण नियन्त्रण र रोकथामको लागि विदेश तथा लमही नगरपालिका भन्दा बाहिर बाट आएका लमही नगरपालिका स्थायी ठेगाना भएका व्यक्तिहरुलाई क्वारेन्टिनमा राख्न आवश्यकता अनुसार नगरपालिकाका सवै सामुदायिक विद्यालयहरु प्रयोग गर्ने ।

ख) तत्कालको लागि हरेक वडामा तपसिल बमोजिमका ठाउँमा क्वारेन्टिन संचालन गर्ने ।

**तपसिल**

| क्वारेन्टिन सञ्चालन गर्ने स्थान | क्वारेन्टिनमा राखिने व्यक्ति |
|---|---|
| १. सुर्योदय मा.वि., लमही-१ नर्ति | (विदेशबाट आएकालाई राख्ने) |
| २. बालोदय आ.वि., लमही-१, सुन्डवरी | (नेपाल भित्रबाट आएकालाई राख्ने) |
| ३. प्रा.वि. वनकट्टा, लमही-२, वनकट्टा | (विदेशबाट आएकालाई राख्ने) |
| ४. हिमालय आ.वि., लमही-२, | (नेपाल भित्रबाट आएकालाई राख्ने) |
| ५. सोनपुर मा.वि., लमही-२, सोनपुर | (नेपाल भित्रबाट आएकालाई राख्ने) |
| ६. फल्कापुर मा.वि., लमही-३, फल्कापुर | (नेपाल भित्रबाट आएकालाई राख्ने) |
| ७. वनगाउँ मा.वि., लमही-३, वनगाउँ | (विदेशबाट आएकालाई राख्ने) |
| ८. जनज्योति आ.वि., लमही-४, घुम्ना | (नेपाल भित्रबाट आएकालाई राख्ने) |
| ९. खिम बहादुर शाह मा.वि, लमही-५, कोलही | (नेपाल भित्रबाट आएकालाई राख्ने) |
| १०. आदर्श मा.वि., लमही-६, | (२ Section बनाई नेपाल भित्र तथा बाहिरबाट आएकालाई राख्ने) |
| ११. अर्जुन आ.वि, लमही-७, | (२ Section बनाई नेपाल भित्र तथा बाहिरबाट आएकालाई राख्ने) |
| १२. आधारभूत विद्यालय, लमही-८, भौका | (नेपाल भित्रबाट आएकालाई राख्ने) |
| १३. अमेलिया मा.वि, लमही-९ | (नेपाल भित्रबाट आएकालाई राख्ने) |

ग) क्वारेन्टिन संचालन गरिने विद्यालयहरुमा तत्काल गर्नै पर्ने खानेपानीको ट्याङ्की तथा धारा, ट्वाइलेट, विद्युत तथा वाइरिङ्ग मर्मत, इन्टरनेट, शुद्ध खानेपानी, पंखा लगायतका भौतिक व्यवस्थापन नगरपालिकाको तर्फ बाट गरि त्यसको खर्च भूक्तानी कोरोना नियन्त्रण राहत कोष बाट गर्ने ।

घ) क्वारेन्टिनको संचालन तथा व्यवस्थापनको लागि सम्वन्धित वडाका वडा अध्यक्ष र वडा सचिवलाई जिम्मा दिने ।

लमही नगरपालिका नगरकार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. २ :** कोभिड १९ को संक्रमणको PCR परीक्षणको लागि आवश्यक पर्ने स्वाव संकलनमा प्रयोग हुने VTM (Virus Transportation Medium) तत्काल आवश्यक संख्यामा खरिद गर्ने । साथै दाङ जिल्ला भित्रका सबै पालिकाहरुको संयुक्त लगानीमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा थप एक थान PCR मेशिन खरिद गरि जडान गर्दा हुन आउने खर्चको यस लमही नगरपालिकाको भागमा पर्न आउने रकम भुक्तानी दिने ।

**निर्णय नं. ३ :** यस लमही नगरपालिका वार्ड नं. ६ स्थित अर्जुन खोला सिंचाई योजनाको नहरमा जम्मा भएको नदीजन्य पदार्थलाई नियमानुसार प्रकृया पुऱ्याई नगरपालिकाले हटाएर नहर खोल्ने र सो क्रममा जम्मा हुन आएको नदीजन्य पदार्थलाई सुरक्षित स्थानमा घाटगद्दी गर्ने ।

**निर्णय नं. ४ :** नेपाल सरकारवाट मिति २०७६।१२।११ देखि जारी लकडाउनका कारण दैनिक गुजारा चलाउन समस्यामा परेका श्रमिक तथा विपन्न परिवारलाई तत्काल राहत वितरण गर्नुपर्ने परिस्थिति भएको कारण कोरोना राहत कोषबाट प्रत्येक वडा कार्यालयको लागि छुट्याइएको रकमबाट सम्वन्धित वडाबाट खरीद गरि वितरण भएको मोटा चामल, मसिना चामल, दाल र तेलको तपसिल अनुसारको दररेट स्विकृत गरि भूक्तानी दिने ।

तपसिल :

| क्र.स. | विवरण र इकाइ | खाद्य व्यावस्था तथा व्यापार क.लि.को दररेट | देउखुरी उद्योग वाणिज्य सं को दररेट | लमही नगरपालिका द्धारा स्विकृत दररेट |
|---|---|---|---|---|
| १. | मोटा चामल (२५ के.जी. रु.) | १०१२।५० | ९७०।- | ९७०।- |
| २. | चामल मसिनो (२५ के.जी. रु.) | १२६०।- | १४००।- | १२६०।- |
| ३. | तेल (प्रति लिटर रु.) | - | १६०।- | १६०।- |
| ४. | मसुरो दाल (प्रति के.जी. रु.) | - | १००।- | १००।- |
| ५. | मास दाल (प्रति के.जी. रु.) | - | १४०।- | १४०।- |
| ६. | अडहर दाल (प्रति के.जी. रु.) | - | १४०।- | १४०।- |
| ७. | नुन (प्रति के.जी. रु.) | - | २०।- | २०।- |

**निर्णय नं. ५ :** यस लमही नगरपालिका भित्र संचालन हुने क्वारेन्टिनमा रहने व्यक्तिहरुलाई दिने खाना तथा खाजाको सम्वन्धमा सवभन्दा न्यूनतम् होटल सोल्टी एण्ड लज बाट आएको दैनिक प्रति व्यक्ति सादा खाना २ पटक र नास्ता २ पटकको एकमुष्ट रु २९८।- (दुई सय अन्ठानव्वे) दररेट स्विकृत गर्ने र सोहि प्रकृतीको सेवा अन्य होटल तथा व्यक्तिवाट सेवा लिनु पर्ने भएमा सोहि दररेट अनुसार हुने गरि लिन स्विकृति दिने ।

Scanned with CamScanner

निर्णय नं. ६ : कोभिड १९ को संक्रमण नियन्त्रण र रोकथाम गर्न लमही नगरपालिका क्षेत्रमा Disinfectant Spray गर्न स्वर्गद्धारी एग्रो सेन्टरबाट खरिद गरिएको स्प्रेर टंयाक तथा डिस्इनफेक्टेन्ट औषधि बापत विल बमोजिमको १ लाख ५ हजार ५ सय २३ रुपैयाँ कोरोना नियन्त्रण राहत कोषबाट भुक्तानी दिने ।

निर्णय नं. ७ : नेपाल भ्रमण बर्ष २०२० मनाउने सिलसिलामा लमही नगरपालिका वाड नं. ७ मा बनघुस्री थारु सामुदायिक होमस्टे उद्घाटन कार्यक्रम तथा प्रदेश एक्स्पो २०७६, वेलझुण्डी, दाङमा स्टल संचालन गर्दा खर्च भएको रकम बनघुस्री थारु सामुदायिक होमस्टेलाई आन्तरीक स्रोतबाट भुक्तानी दिने ।

निर्णय नं ८ : लमही नगरपालिका वडा नं. ७ मा थारु माघि महोत्सव तथा दशै महोत्सवमा खर्च भएको रकम नवजागरण युवा तथा वाल क्लवलाई आन्तरीक स्रोतबाट भुक्तानी दिने ।

निर्णय नं. ९ : चालु आ.व. २०७६।०७७ मा नगरपालिकामा टेण्डर प्रक्रियाबाट ठेक्कामा लगाईएका योजनाहरु विनियोजित बजेट रकम भन्दा प्रतिस्पर्धाको आधारमा कम रकममा स्वीकृत हुन गई बचत हुन आएको रकम तपसिलका सोही योजनाहरुमा प्राविधिकबाट मूल्याङ्कन गरी कोटेशन प्रकृया वा उपभोक्ता समिति/टोल विकास संस्था बाट योजना सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

### तपसिल

| क्र.सं. | योजनाको नाम |
|---|---|
| १. | सुन्डबरी सडक कालोपत्रे (वडा नं. १) |
| २. | श्रीगाउँ मसानघाट देखि बालतारँ मा.वि. सम्मको सडक कालोपत्रे (वडा नं.३) |
| ३. | अर्नवा चोक देखि बयलडाडा सम्मको सडक कालोपत्रे (वडा नं. ४) |
| ४. | सर्पदशं भवन निर्माण - Phase I (वडा नं. ४) |
| ५. | लमही अस्पतालमा OT Maintenance (वडा नं. ४) |
| ६. | आदर्श टोलमा सडक कालोपत्रे (वडा नं. ५) |
| ७. | पिपल टोल देखि लंगडी जाने सडक कालोपत्रे (वडा नं. ६) |
| ८. | बनघुस्री देखि हसनापुर सडक कालोपत्रे (वडा नं. ७) |
| ९. | राप्ती मा.वि.देखि टेङ्नैया हुदै सतवरिया स्वास्थ्य चौकी पुग्ने सडक कालोपत्रे (वडा नं. ८) |

निर्णय नं. १० : यस लमही नगरपालिका अन्तर्गत वडा नं. ९ स्थित खयरभट्टी घाट र गंगरीखोला दोभान घाट तथा वडा नं. ५ को वलरामपुर घाट-३ मा IEE भई उक्त क्षेत्रवाट नदीजन्य पदार्थको उत्खनन् गर्नको लागि चालू आ.ब.मा ठेक्का बन्दोवस्त हुन नसकेको हुदा उक्त क्षेत्रबाट तोकिएको परिमाणमा लमही नगर कार्यपालिकाको कार्यालयवाट

Scanned with CamScanner

अमानत प्रक्रियाद्धारा नदीजन्य पदार्थको उत्खनन् तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ११** : नगरपालिका क्षेत्रभित्रका IEE भएका विभिन्न नदी तथा घाटहरुमा नदीजन्य पदार्थ उत्खनन्का लागि नियमानुसार ठेक्का बन्दोवस्त भई सो को राजस्व रकम समेत अग्रिम जम्मा भई सकेको तर कोभिड १९ को संक्रमण नियन्त्रण गर्न लागु भएको बन्दाबन्दी(लकडाउन)का कारण कतिपय नदी तथा घाटमा सीमित मात्रामा मात्र नदीजन्य पदार्थ उत्खनन् भएको तथा कतिपय स्थानमा उत्खनन् कार्य नै सुरु हुन नसकेको हुँदा राष्ट्रिय गौरवका आयोजनाको लागि आवश्यक नदीजन्य निर्माण सामग्री अभाव हुन गई त्यस्ता गौरवका योजनाहरु समेत प्रभावित हुनजाने देखिएको सन्दर्भमा जिल्ला समन्वय समिति दाङको पत्र बमोजिम हुने गरी तपसिलको मितिमा देहायका स्थानहरुमा तोकिएको परिमाण भन्दा बढि नहुने गरी बढिमा २०७७।०२।१५ गते सम्म मात्र नियमानुसार मेशिनरी औजार प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् गरी घाट गद्दी गर्न अनुमति दिइएकोमा सो अनुमतिलाई अनुमोदन गर्ने । साथै म्याद थपको लागि अनुरोध भई आएको सम्वन्धमा उत्खनन् तथा घाटगद्दी भएको क्षेत्रको प्राविधिक टोलीको नापजाँच प्रतिवेदन र राष्ट्रपति चुरे मधेश संरक्षण विकास समितिको स्वीकृतिमा म्याद थप गर्ने र पहिले तोकिएको अन्तिम मितिसम्ममा उत्खनन कार्य नै सुरु नभएको घाटमा पनि राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिको स्वीकृति अनुसार म्याद थप गर्ने ।

तपसिल :

१. मिति २०७७।०२।०२ गते, राप्ती नदी, बलरामपुर घाट : शुभ निर्माण सेवा ।
२. मिति २०७७।०२।०२गते, राप्ती नदी, गिधिनिया घाट (लमही-८):सेविका कन्स्ट्रक्सन
३. मिति २०७७।०२।०१ गते, राप्ती नदी, भटिनिया घाट : जन निर्माण सेवा ।
४. मिति २०७७।०१।३० गते, गंगेरी खोला घाट : के.आर. कन्स्ट्रक्सन ।
५. मिति २०७७।०२।०२ गते, राप्ती नदी, वन्नैं खोला घाट : जय कालिका निर्माण सेवा
६. मिति २०७७।०२।०३ गते, अर्जुन खोला दोभान घाट : देउती निर्माण सेवा ।

**निर्णय नं. १२** : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार, काठमाडौको च.नं.१२३, मिति २०७६।०७।२१ को पत्रबाट पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत अन्य सार्वजनिक निर्माण (३११५९) शिर्षकमा प्राप्त भएको रु २५ लाख रकम लमही नगरपालिका, ९ नं. वडा कार्यालय, रिहारको च.नं.४६२, मिति २०७७।०२।१५ को पत्रको आधारमा बगार बाबा धार्मिक विकास क्षेत्रमा रहेको दर्शनार्थी तथा व्यापारीहरुको लागि मेला लाग्ने चौरमा माटो फिलिङ् गर्ने र आर्थिक वर्षको अन्तिम चरण भई समय अभावका कारण ठेक्का प्रक्रियामा जान सम्भव नदेखिएकाले उक्त काम उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner